# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७१ | शुक्रवार, २० चैत, २०८२ | Friday, 3 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


## आठ महिनामा १९ प्रतिशत बजेट मात्रै कार्यान्वयन




**काँक्रेविहार संवाददाता**
सुर्खेत, १९ चैत

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ को आठ महिनामा कुल बजेटको करिब १९ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार फागुन मसान्तसम्म ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपैयाँमध्ये जम्मा ६ अर्ब ४८ करोड १६ लाख रुपैयाँ मात्र खर्च भएको हो, जुन कुल बजेटको १९.६४ प्रतिशत हो । यो तथ्यांक अघिल्ला वर्षहरूको तुलनामा समेत कमजोर देखिएको छ ।

मुख्यमन्त्री यामलाल कँडेलले बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन विभिन्न पहल गरेको दाबी गरे पनि व्यवहारमा प्रगति हुन नसकेको देखिन्छ । योजना छनोट कार्यविधि निर्माण, कार्यान्वयन मार्गदर्शन जारी, तथा कार्यालय प्रमुखहरूलाई प्रतिवद्धता गराउने प्रयास भए पनि कार्यान्वयनको गति अपेक्षाअनुसार अघि बढ्न सकेको छैन ।

आर्थिक वर्षको सुरुवातदेखि नै योजनाहरू समयमै खरिद प्रक्रियामा लैजाने र निर्माण कार्य अघि बढाउने प्रतिबद्धता गरिएको थियो । तर, आठ महिना बितिसक्दा पनि धेरै आयोजना अलपत्र अवस्थामा छन् । योजना तयारीमा ढिलाइ, खरिद प्रक्रियाको जटिलता र प्राविधिक जनशक्तिको अभावलाई प्रमुख कारणका रूपमा औंल्याइएको छ । विगतजस्तै अन्तिम समयमा मात्र खर्च बढाउने प्रवृत्ति दोहोरिने संकेत पनि देखिएको छ ।

पुँजीगत बजेट कार्यान्वयन अझ कमजोर देखिएको छ । चालु वर्षका लागि विनियोजित १९ अर्ब ९८ करोड २७ लाख रुपैयाँमध्ये आठ महिनामा मात्र २ अर्ब ५९ करोड १४ लाख खर्च भएको छ, जुन १२.९७ प्रतिशत हो । गत वर्ष सोही अवधिमा १५ प्रतिशत र २०७९/०८० मा १६ प्रतिशत खर्च भएको थियो ।

मन्त्रालयहरूको प्रदर्शन कमजोर

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जसले सडक, पुल र भवन निर्माणको मुख्य जिम्मेवारी लिएको छ, उसले ११ अर्ब १२ करोड बजेटमध्ये जम्मा करिब १ अर्ब ५९ करोड रुपैयाँ (करिब १५ प्रतिशत) मात्र खर्च गर्न सकेको छ ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले ३ अर्ब ५५ करोड बजेटमध्ये ५२ करोड ९१ लाख रुपैयाँ (१७ प्रतिशत) खर्च गरेको छ भने सामाजिक विकास मन्त्रालयले ५ अर्ब ७७ करोडमध्ये जम्मा ३३ करोड २७ लाख रुपैयाँ (११ प्रतिशत) मात्रै पुँजीगत खर्च गरेको छ ।

यस्तै, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले २ अर्ब ४२ करोडमध्ये ७ करोड ६१ लाख रुपैयाँ मात्र खर्च गरेको छ भने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले २ अर्ब ५७ करोडमध्ये ३२ करोड ९६ लाख रुपैयाँ खर्च गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ५५ करोडमध्ये १३ करोड खर्च गरेको छ भने आर्थिक मामिला तथा योजना मन्त्रालयले २० करोडमध्ये ७ करोड ८२ लाख रुपैयाँ खर्च गरेको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको खर्च अवस्था पनि सन्तोषजनक छैन ।

अझै २६ अर्बभन्दा बढी बजेट बाँकी

आर्थिक वर्ष सकिन चार महिना बाँकी रहँदा करिब २६ अर्ब ५१ करोड रुपैयाँ बजेट अझै खर्च हुन बाँकी छ । यसले प्रदेश सरकारको कार्यसम्पादन क्षमता र योजना कार्यान्वयनप्रति गम्भीर प्रश्न उठाएको छ ।

सरकार पक्षले भने आन्दोलन, राजनीतिक गतिविधि र प्रशासनिक जटिलतालाई ढिलाइको कारण देखाउँदै आएको छ । तर विज्ञहरू भने समयमै योजना कार्यान्वयन र प्रभावकारी अनुगमन नभएसम्म बजेट खर्चको गति सुधार हुन नसक्ने बताउँछन् ।

कुल मिलाएर, कर्णाली प्रदेशमा बजेट कार्यान्वयनको अवस्था अझै कमजोर देखिएको छ । यदि समयमै सुधारका ठोस कदम चालिएन भने विकास निर्माणका लक्ष्यहरू प्रभावित हुने निश्चित देखिन्छ ।

### संसद्को पहिलो बैठक

# सुशासन, प्रतिशोध अन्त्यदेखि एमसीसी र प्रदेश संरचनासम्ममा बहस

**काँक्रेविहार संवाददाता**
सुर्खेत, १९ चैत

बिहीबार बसेको प्रतिनिधिसभाको पहिलो बैठकले देशको समग्र राजनीतिक दिशा कस्तो हुने भन्ने संकेत दिएको छ । सत्तापक्षदेखि प्रतिपक्षसम्मका नेताहरूले एकैसाथ समर्थन, आलोचना र सुझाव प्रस्तुत गर्दै संसद् बैठकलाई निकै गतिशील बनाएका छन् । सुशासन, प्रतिशोधको अन्त्य, जाँचबुझ आयोग, एमसीसी सम्झौता र प्रदेश संरचना जस्ता विषयमा धारणा राखेका थिए ।।

संसदको सबैभन्दा ठुलो दल रास्वपाका सभापति रवि लामिछानेले आफ्नो सम्बोधनमा विगतको राजनीतिक संस्कारमाथि कडा प्रहार गर्दै अब संख्याकै बलमा प्रतिशोध र अत्याचार नहुने स्पष्ट पारे । उनले आस्थाका आधारमा फरक व्यवहार गर्ने प्रवृत्ति अन्त्य गरिने बताए । "अब कसैको आवाज दबाउने, माइक काट्ने वा विधि मिच्ने काम हुँदैन," उनले भने, तर सुशासनको गति कुनै हालतमा रोकिने छैन । उनको भनाइले नयाँ सरकारको प्राथमिकता सुशासन र निष्पक्षता हुने संकेत दिएको छ ।

यसैबीच संसदको दोस्रो दल नेपाली कांग्रेसका नेता भीष्मराज आङदेम्बेले सरकारमाथि प्रत्यक्ष प्रश्न उठाउँदै जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्ने कि नगर्ने स्पष्ट पार्न माग गरे । उनले संसद् भवन र सिंहदरबारमा भएको आगजनी घटनाबारे सत्यतथ्य बाहिर ल्याउनुपर्नेमा जोड दिए । "किन जल्यो सिंहदरबार ? कसले जलायो ? यी प्रश्नको जवाफ चाहिन्छ, उनले भने । आयोगको कामप्रति उनले असन्तुष्टि जनाउँदै समय थपेर पनि काम नगरेको आरोप लगाए ।

संसदको तेस्रो दल नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापाले प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारलाई बधाई दिँदै राजनीतिक घटनाक्रमलाई "अभूतपूर्व" भएको टिप्पणी गरे । उनले जेनजी आन्दोलन र पछिल्ला परिवर्तनलाई नयाँ राजनीतिक युगको सुरुआतका रूपमा चित्रण गरे ।

त्यस्तै संसदको चौथौं ठश्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले संसद्मा एमसीसी सम्झौता खारेज गर्न माग गर्दै राष्ट्रको स्वाधीनता जोगाउनुपर्ने बताएका छन् । उनले विदेशी प्रभावबाट मुक्त नीति आवश्यक रहेको भन्दै सरकारले स्पष्ट धारणा ल्याउनुपर्ने बताए । संसदको पाचौं दल राप्रपाका संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले प्रदेश संरचनामाथि प्रश्न उठाउँदै यसलाई खारेज गर्न सरकारलाई खुला प्रस्ताव गरेका छन् । उनले प्रदेश सञ्चालनमा ठूलो खर्च भइरहेको उल्लेख गर्दै आवश्यक परे दुई तिहाइ बहुमत जुटाउन आफ्नो दल तयार रहेको बताए । स्वतन्त्र सांसद महावीर पुनले भने आफू कुनै पक्ष वा विपक्षमा नरही निष्पक्ष रूपमा काम गर्ने प्रतिबद्धता जनाए । उनले शिक्षा क्षेत्रमा देखिएका समस्या र सुधारका प्रयासबारे अनुभव सुनाउँदै संसद्मा आफ्नो भूमिका फरक हुने बताए । यस्तै बैठकमा संविधानसभाका सदस्य एवं पूर्वसदस्यहरू ऋषिकेश गौतम, मोहम्मद अफ्ताव आलम, कृष्णकुमारी श्रेष्ठ, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र संविधानसभा तथा राष्ट्रियसभाका सदस्य बलदेव बोहराको विभिन्न समयमा भएको निधनप्रति शोक प्रस्ताव पारित गरिएको छ । प्रतिनिधिसभाको अर्को बैठक यही चैत २२ गते आइतबार बिहान ११:०० बजे बस्नेछ ।




> **सुशासन, प्रतिशोधको अन्त्य, जाँचबुझ आयोग, एमसीसी सम्झौता र प्रदेश संरचना जस्ता विषयमा धारणा राखेका थिए ।**

### गृहमन्त्री सुधन गुरूङले तीन अध्यादेश पेस गरे

प्रतिनिधिसभाको बिहीबारको बैठकमा गृहमन्त्री सुधन गुरुङले तीन अध्यादेश पेस गरेका छन् । प्रतिनिधि सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सदस्यहरूले मन्तव्य राखिसकेपछिको नियमित कार्यसूचीअन्तर्गत उनले 'नागरिकता सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश, २०८२' पेस गरेका हुन् ।

नेपालको संविधानको धारा ८४ को उपधारा (२) बमोजिम समानुपातिकको बन्द सूचीमा समावेश गराउनुपर्ने जनसंख्याको आरक्षणका लागि अध्यादेशबाट कानुन संशोधन गरिएको थियो । गत फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन मिति तोकिएपछि सोका लागि मतदाता नामावली अध्यावधिकको प्रयोजनका लागि अघिल्लो सरकारले 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश' ल्याएको थियो ।

गृहमन्त्री गुरुङले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालयअन्तर्गतबाट गृह मन्त्रालयअन्तर्गत राख्न 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश' जारी भएको जानकारी गराए ।


## यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,

***बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं ।***

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**


# रास्वपाको निर्णय : सभामुख बन्दै डीपी अर्याल

**काँक्रेविहार संवाददाता**
काठमाडौं, १९ चैत

राष्ट्रिय स्वतन्त्र पार्टीले उपसभापति डोलप्रसाद डीपी अर्याललाई सभामुखको उम्मेदवार बनाउने भएको छ ।

पार्टी सभापति रवि लामिछानेको प्रस्तावमा सर्वसम्मत रुपमा अर्याललाई सभामुखमा अगाडि बढाउने निर्णय गरेको प्रवक्ता मनिष झाले जानकारी दिए । आगामी चैत २२ गते संसद बैठक डाकिएको छ । सोही बैठकले नयाँ सभामुख चयन गर्ने अपेक्षा गरिएको छ ।

स्थापनाकालदेखि नै उपसभापति बनेका अर्याललाई पार्टीले संसद चलाउने ऐतिहासिक जिम्मेवारी दिने भएको हो । बिहीबार बसेको संसदीय दलको बैठकले अर्याललाई सभामुख बनाउने निर्णय गरेको हो । बालेन्द्र शाह नेतृत्वको सरकारमा गृहमन्त्रीको दाबेदार मानिएका अर्याललाई सभामुखमा पठाउन बालेन्द्रले रविलाई सल्लाह दिएको नेताहरु बताउँछन् ।

पार्टी सभापति र प्रधानमन्त्रीको सल्लाहमै अर्याल सभामुख बन्न लागेका हुन् । उनी पार्टी सभापति रवि लामिछाने कारागार चलान हुँदा पार्टीको नेतृत्वमा रहेर काम गरेका व्यक्ति हुन् ।

पार्टीमा समन्वयकारी भूमिकामा देखिएका उनलाई सभामुखमा पठाउने निर्णय भएसँगै उनी सभामुख हुने पक्कापक्की भएको छ ।

हाल कायम संसदमा राष्ट्रिय स्वतन्त्र पार्टीसँग १८२ अर्थात् दुई तिहाई बहुमतभन्दा दुई सिट कम छ । सभामुख सत्तापक्षको भए पनि संविधानअनुसार उपसभामुख प्रतिपक्ष र फरक लिङ्गको हुनुपर्ने छ । त्यसकारण उपसभामुख कुन दलले पाउँछ भन्ने अहिलेसम्म टुङ्गो लागेको छैन ।



सम्पादकीय


# एसईई परीक्षा मर्यादित बनाऔं

यस पटकको माध्यमिक शिक्षा परीक्षा (एसईई) फेरि एक पटक देशव्यापी रूपमा सुरू भएको छ । लाखौं विद्यार्थीको भविष्यसँग जोडिएको यो परीक्षा केवल शैक्षिक मूल्यांकनको प्रक्रिया मात्र होइन । हाम्रो शिक्षा प्रणालीको विश्वासनीयता र अनुशासनको पनि कसी हो । यसर्थ, एसईईलाई मर्यादित, निष्पक्ष र व्यवस्थित बनाउनु आजको सबैभन्दा ठूलो आवश्यकता हो । यस वर्ष राष्ट्रिय परीक्षा बोर्डले परीक्षा व्यवस्थापनमा केही महत्वपूर्ण सुधारहरू लागू गरेको छ । विशेषगरी उत्तरपुस्तिका परीक्षणलाई छिटो, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले केन्द्रमै मूल्यांकन गर्ने व्यवस्था सकारात्मक कदम हो । विगतमा देखिएको ढिलाइ, झन्झट र अपारदर्शितालाई न्यूनीकरण गर्न यस्तो प्रयास सराहनीय छ । एक महिनाभित्रै नतिजा सार्वजनिक गर्ने लक्ष्यले पनि विद्यार्थी, अभिभावक र शैक्षिक क्षेत्रलाई राहत दिने अपेक्षा गरिएको छ । तर, केवल प्राविधिक सुधारले मात्र परीक्षा मर्यादित हुँदैन । परीक्षा केन्द्रहरूमा हुने अनुशासनहीनता, नक्कली परीक्षार्थी, चिट चोरी, अनावश्यक दबाब र बाह्य हस्तक्षेप जस्ता समस्या अझै चुनौतीका रूपमा रहेका छन् । यी विकृतिहरूलाई नियन्त्रण नगरी एसईईको स्तर उकास्न सकिँदैन ।

कर्णाली प्रदेशका १० जिल्लाबाट यस वर्ष ३८ हजार ३७९ विद्यार्थी परीक्षामा सहभागी भएका छन् । परीक्षा सञ्चालनका लागि प्रदेशभर १६१ परीक्षा केन्द्र निर्धारण गरिएको छ । कर्णालीमा नियमिततर्फ ३२ हजार २५५ र ग्रेड वृद्धितर्फ ६ हजार १२४ विद्यार्थीले परीक्षा दिइरहेका छन् । यो संख्या गत वर्षको तुलनामा ४६१ ले बढी हो । जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी विद्यार्थी सुर्खेतमा रहेका छन् । सुर्खेतका ३४ परीक्षा केन्द्रबाट कुल नौ हजार ७७९ विद्यार्थी परीक्षा दिने छन् । जसमा सात हजार २९४ नियमित र दुई हजार ४८५ ग्रेडवृद्धितर्फका छन् । सबैभन्दा कम विद्यार्थी डोल्पामा रहेका छन्, जहाँ चार परीक्षा केन्द्रबाट ६७४ विद्यार्थी मात्र सहभागी भएका छन् । अन्य जिल्लाहरूमा दैलेखबाट ६ हजार २५३, जाजरकोटबाट चार हजार ८१३, सल्यानबाट चार हजार १४२, रूकुमपश्चिमबाट तीन हजार ९२२ र कालीकोटबाट तीन हजार ७१७ विद्यार्थी परीक्षा दिइरहेका छन् । भने जुम्लाबाट दुई हजार २५५, मुगुबाट एक हजार ५२४ र हुम्लाबाट एक हजार ३०० विद्यार्थी सहभागी छन् । अघिल्ला वर्षहरूको तथ्यांक हेर्दा कर्णालीमा विद्यार्थी संख्या क्रमश वृद्धि हुँदै गएको देखिन्छ । गत वर्ष ३७ हजार ९११ विद्यार्थी सहभागी भएका थिए, भने २०७९ मा ३८ हजार ९७० र त्यसअघि ३५ हजार ८०८ विद्यार्थीले परीक्षा दिएका थिए ।

मर्यादित परीक्षा भन्नाले कडाइ मात्र होइन, न्यायपूर्ण वातावरण पनि हो । विद्यार्थीले निष्पक्ष रूपमा आफ्नो क्षमता प्रस्तुत गर्न पाउने सुनिश्चितता आवश्यक छ । त्यसका लागि परीक्षा केन्द्रमा सुरक्षाको प्रभावकारी व्यवस्था, कडा अनुगमन, शिक्षकहरूको उत्तरदायित्व र स्थानीय प्रशासनको समन्वय अपरिहार्य छ । कर्णाली प्रदेशजस्ता दुर्गम क्षेत्रमा समेत विद्यार्थी संख्या वृद्धि हुनु सकारात्मक संकेत हो । यसले शिक्षा पहुँच विस्तार भइरहेको देखाउँछ । तर, संख्याको वृद्धि मात्र पर्याप्त छैन । गुणस्तरीय र मर्यादित परीक्षा सञ्चालन अझ महत्वपूर्ण पक्ष हो । सबै जिल्लामा समान स्तरको व्यवस्थापन र अनुगमन सुनिश्चित गर्न सकिए मात्र राष्ट्रिय स्तरमा एकरूपता कायम हुन्छ । त्यसैले एसईई केवल परीक्षा होइन, हाम्रो शैक्षिक संस्कारको प्रतिबिम्ब हो । यसलाई मर्यादित बनाउनु राज्य, शिक्षक, विद्यार्थी र अभिभावक सबैको साझा दायित्व हो । सुधारका प्रयासहरूलाई व्यवहारमा उतार्दै, अनुशासन र पारदर्शितालाई प्राथमिकतामा राख्न सकिए मात्र एसईईप्रति जनविश्वास मजबुत बन्नेछ । अबको एसईईलाई केवल औपचारिकता होइन, गुणस्तरीय र मर्यादित मूल्यांकन प्रणालीको रूपमा स्थापित गर्नुपर्छ ।

# फ्रान्सेली क्रान्ति र सिङ्गापुरको विकास मोडल उत्तम मार्गचित्र




नेपाल आज फेरि एकपटक महत्त्वपूर्ण मोडमा उभिएको छ। हालै सम्पन्न निर्वाचनपछि ठूलो जनमतका आधारमा नयाँ सरकार गठन भएको छ। जनताले आशा, विश्वास र परिवर्तनप्रतिको आकांक्षा बोकेर नेतृत्व चयन गरेका छन्। यो केवल सत्ताको हस्तान्तरण मात्र होइन, प्रणाली सुधारको स्पष्ट संकेत हो।

नागरिकले अब सुशासन, पारदर्शिता, भ्रष्टाचारको अन्त्य र समग्र विकासको अनुभूति गर्न चाहन्छन्। यस्तो अवस्थामा, विश्व इतिहासका महत्त्वपूर्ण घटनाबाट सिक्नु अत्यन्त सान्दर्भिक हुन्छ। विशेषगरी फ्रान्सेली क्रान्ति र सिङ्गापुरको विकास यात्रा नेपालका लागि महत्त्वपूर्ण मार्गदर्शन हुन सक्छ।

फ्रान्सेली क्रान्तिविश्व इतिहासको एक महत्त्वपूर्ण मोड थियो। सन् १७८९ मा सुरु भएको यस क्रान्तिले राजतन्त्रको अन्त्य गर्दै जनताको अधिकार स्थापित गऱ्यो। स्वतन्त्रता, समानता र भ्रातृत्वको नाराले केवल फ्रान्स मात्र होइन, सम्पूर्ण विश्वलाई लोकतान्त्रिक मूल्यतर्फ प्रेरित गऱ्यो। यस क्रान्तिको मुख्य कारण सामाजिक असमानता, आर्थिक संकट र भ्रष्ट शासन व्यवस्था थियो। जब जनताले आफ्नो अधिकारका लागि आवाज उठाए, तब ठूलो परिवर्तन सम्भव भयो। तर, क्रान्तिपछि फ्रान्सले तुरुन्तै स्थायित्व प्राप्त गरेको थिएन।

देश लामो समयसम्म राजनीतिक अस्थिरता, नेतृत्व संकट र नीतिगत अन्योलबाट गुज्रियो। यसले देखाउँछ कि परिवर्तन ल्याउनु जति सजिलो हुन्छ, त्यसलाई दिगो बनाउनु त्यति नै चुनौतीपूर्ण हुन्छ। केवल सत्ता परिवर्तनले मात्र समृद्धि ल्याउँदैन; त्यसका लागि बलियो संस्था, स्पष्ट नीति र जिम्मेवार नेतृत्व आवश्यक हुन्छ।

नेपालको इतिहासमा पनि यस्तै अनुभव पाइन्छ। २०६२/६३ को जनआन्दोलनले देशमा गणतन्त्र स्थापना गऱ्यो। जनताको ठूलो बलिदानबाट प्राप्त उपलब्धिले नयाँयुगको सुरुवात गऱ्यो। तर, त्यसपछि पनि अपेक्षाअनुसारको सुशासन र विकास हासिल हुन सकेको छैन भन्ने व्यापक गुनासो रहेको छ। अहिलेको नयाँ सरकार गठनसँगै फेरि एकपटक आशा जागेको छ। नागरिकले विश्वास गरेका छन् कि अब परिवर्तन व्यवहारमा देखिनेछ।

नेपालका प्रमुख समस्यामध्ये भ्रष्टाचार प्रमुख हो। प्रशासनिक ढिलासुस्ती, राजनीतिक हस्तक्षेप र पारदर्शिताको अभावले विकासलाई रोकिरहेको छ। जनता अब स्पष्ट परिणाम चाहन्छन्। केवल वाचा होइन, कार्यान्वयन आवश्यक छ। यदि भ्रष्टाचार नियन्त्रण गर्न सकिएन भने कुनै पनि विकास योजना सफल हुन सक्दैन।

नेपालका प्रमुख समस्यामध्ये भ्रष्टाचार प्रमुख हो। प्रशासनिक ढिलासुस्ती, राजनीतिक हस्तक्षेप र पारदर्शिताको अभावले विकासलाई रोकिरहेको छ।

यही सन्दर्भमा सिङ्गापुरको उदाहरण अत्यन्त प्रेरणादायी छ। एक समय सीमित स्रोत भएको सानो देश सिङ्गापुर आज विश्वकै विकसित राष्ट्रमध्ये एक बनेको छ। यसको सफलताको मुख्य कारण प्रभावकारी नेतृत्व, कडा अनुशासन र स्पष्ट नीति हो। विशेषगरी लिक्वान यूको नेतृत्वमा देशले तीव्र विकास हासिल गऱ्यो।

लिक्वानले सिङ्गापुरलाई कडा कानुनी शासन, पारदर्शी प्रशासन र भ्रष्टाचारप्रति शून्य सहनशीलताको आधारमा अघि बढाए। उनले दीर्घकालीन योजना बनाए, योग्यतालाई प्राथमिकता दिए र नीतिगत स्थायित्व कायम राखे। शिक्षा, स्वास्थ्य, पूर्वाधार र उद्योग क्षेत्रमा लगानी गर्दै उनले देशलाई आर्थिक रूपमा बलियो बनाए। सिङ्गापुरको विकासले देखाउँछ कि सानो देश भए पनि सही नेतृत्व र नीति भएमा ठूलो उपलब्धि हासिल गर्न सकिन्छ।

नेपालसँग पनि प्रशस्त सम्भावना छन्। प्राकृतिक स्रोत, युवा जनशक्ति र भौगोलिक अवस्थाले देशलाई विकासको राम्रो अवसर दिएको छ। तर, कमजोर व्यवस्थापन र अस्थिर नीतिले यी सम्भावनालाई पूर्ण रूपमा उपयोग गर्न सकेको छैन। फ्रान्सेली क्रान्तिले जनताको शक्ति देखायो भने सिङ्गापुरले सुशासनको शक्ति देखाएको छ। नेपाल अहिले यी दुई अनुभवको बीचमा उभिएको छ।

अबको आवश्यकता स्पष्ट छ। पहिलो, भ्रष्टाचार नियन्त्रणमा कडा कदम चाल्नुपर्छ। पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्न सकिएन भने जनताको विश्वास कायम रहँदैन। दोस्रो, आर्थिक विकास र रोजगारी सिर्जनामा ध्यान दिनुपर्छ। युवा विदेश पलायन भइरहेका छन्, जसले देशको भविष्यलाई प्रभावित गरिरहेको छ। स्वदेशमै अवसर सिर्जना गर्नु अत्यन्त आवश्यक छ। तेस्रो, संस्थागत सुधार अनिवार्य छ। बलियो संस्था बिना कुनै पनि देश दीर्घकालीन रूपमा सफल हुन सक्दैन।

फ्रान्सेली क्रान्तिले जनताको शक्ति देखायो भने सिङ्गापुरले सुशासनको शक्ति देखाएको छ। नेपाल अहिले यी दुई अनुभवको बीचमा उभिएको छ।

न्यायपालिका, प्रशासन र अन्य सरकारी निकायलाई स्वतन्त्र र सक्षम बनाउनु आवश्यक छ। चौथो, नीतिगत निरन्तरता कायम राख्नुपर्छ। बारम्बार नीति परिवर्तन हुँदा विकासमा अवरोध आउँछ। दीर्घकालीन योजना बनाएर त्यसलाई निरन्तरता दिनु आवश्यक छ। पाँचौं, शिक्षा र सीप विकासमा लगानी गर्नुपर्छ। दक्ष जनशक्ति बिना कुनै पनि देशले प्रगति गर्न सक्दैन। आधुनिक शिक्षा प्रणाली, प्राविधिक सीप र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्छ। यसले देशलाई आत्मनिर्भर बनाउन मद्दत गर्नेछ।

नागरिकको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ। लोकतन्त्र केवल मतदानमा सीमित हुँदैन। जनताले सरकारलाई निरन्तर निगरानी गर्ने, प्रश्न गर्ने र उत्तरदायी बनाउने जिम्मेवारी पनि वहन गर्नुपर्छ। डिजिटल युगमा सूचना पहुँच सहज भएको छ, जसले नागरिकलाई अझ सशक्त बनाएको छ। तर, यसको सही प्रयोग आवश्यक छ।

नेपालको वर्तमान अवस्था अवसर र चुनौती दुवैको मिश्रण हो। नयाँ सरकारप्रति ठूलो आशा छ, तर विगतका अनुभवले जनतालाई सतर्क बनाएको छ। यदि सरकारले पारदर्शिता, सुशासन र परिणाममुखी कार्यलाई प्राथमिकता दिन सक्यो भने यो ऐतिहासिक अवसर बन्न सक्छ।

अन्ततः, इतिहासले देखाएको छ कि परिवर्तन सम्भव छ, तर त्यसलाई सफल बनाउन सही दिशा आवश्यक हुन्छ। फ्रान्सेली क्रान्तिले परिवर्तनको सम्भावना देखायो भने सिङ्गापुरले त्यसलाई सफल बनाउने मार्ग देखाएको छ। नेपालले यी दुवैबाट सिकेर आफ्नो मार्ग तय गर्नुपर्छ।

यदि नेपालले इमान्दारिता, अनुशासन र दीर्घकालीन सोचलाई अपनाउन सक्यो भने आजको जनादेश भोलिको समृद्ध राष्ट्रको आधार बन्न सक्छ। अन्यथा, अवसर गुम्ने खतरा रहन्छ। त्यसैले, अहिलेको समय केवल आशाको होइन, जिम्मेवारीको पनि हो। नेपालको विकास केवल राजनीतिक वा आर्थिक सुधारमा सीमित छैन। सामाजिक चेतना, सामूहिक उत्तरदायित्व र जनसहभागिता पनि उत्तिकै महत्वपूर्ण पक्ष हुन्।

शिक्षा, स्वास्थ्य, महिला सशक्तिकरण, समाजिक न्याय र वातावरणीय संरक्षण जस्ता क्षेत्रमा दीर्घकालीन सोच अपनाउनुपर्छ। जब यी पक्ष विकाससँग जोडिन्छन्, तब मात्रै समग्र समाज स्थायी रूपमा प्रगतिशील बन्न सक्छ।

इतिहासले देखाएको छ कि केवल नेतृत्व परिवर्तनले मात्र पर्याप्त हुँदैन; जनताको सक्रिय सहभागिता र जिम्मेवार व्यवहारको अभावमा कुनै पनि योजना पूर्ण सफल हुन सक्दैन।

इतिहासले देखाएको छ कि केवल नेतृत्व परिवर्तनले मात्र पर्याप्त हुँदैन; जनताको सक्रिय सहभागिता र जिम्मेवार व्यवहारको अभावमा कुनै पनि योजना पूर्ण सफल हुन सक्दैन। त्यसैले नेपालले अब केवल शासन सुधारमा केन्द्रित हुने होइन, समग्र समाज र प्रणालीलाई दिगो बनाउन लक्षित कदम चाल्नु आवश्यक छ। यही समग्र दृष्टिकोणले मात्र नेपाललाई विश्वको विकसित राष्ट्रसँग प्रतिस्पर्धा गर्न सक्ने सामर्थ्य दिनेछ र भविष्यका चुनौती सामना गर्न सक्षम बनाउनेछ।

# युवा ध्यानाकर्षण : नीति छ, कार्यान्वयन कहाँ ?



✍ सरोज बानियाँ

नेपालले विगत केही वर्षमा युवालाई केन्द्रमा राखेर विभिन्न नीतिगत दस्तावेजहरू तयार गरेको छ। २०७२ सालको राष्ट्रिय युवा नीति र युवा नीति २०८२, युथ भिजन २०२५ तथा संयुक्त राष्ट्रसंघको युथ स्ट्रर्याटिजीले नेपाली युवाको समग्र विकास र सशक्तीकरणलाई प्राथमिकतामा राखेको स्पष्ट देखिन्छ । यी दस्तावेजहरूले युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउँदै राज्यका हरेक संरचनामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने दीर्घकालीन लक्ष्य लिएको छ तर कार्यान्वयन छैन ।

प्रश्न उठ्छ- के ती लक्ष्यहरू व्यवहारमा उतारिए ?

आजको यथार्थ भने विल्कुल फरक छ । युवाको नेतृत्व विकास, उद्यमशीलता, रोजगारी सिर्जना र सहभागिताको सुनिश्चितताजस्ता लक्ष्यहरू कागजमै सीमित देखिन्छन् ।

सरोकारवाला निकायहरूको निष्क्रियता र कमजोर कार्यान्वयनका कारण हरेक दिन हजारौँ नेपाली युवा आफ्नो भविष्य खोज्दै वैदेशिक रोजगारीतर्फ पलायन हुन बाध्य छन् । अबको सरकारले यस कुरालाई प्राथमिकता राख्दै विशेष योजना तर्जुमा गर्न नसकेमा युवाहरू अहिलेजस्तै हरेक दिन वैदेशिक भूमिमा आफ्नो पसिना बेच्न बाध्य हुनेछन् ।

**युवा शक्तिः अवसर कि चुनौती ?**

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका युवाको संख्या १ करोड २४ लाखभन्दा बढी छ, जुन कुल जनसंख्याको ४२.५६ प्रतिशत हो । तर, युवा नीति २०८२ अनुसार १८ देखि ३५ वर्ष उमेर समूहलाई युवा भनी परिभाषित गरेको छ ।

यो तथ्यांकले नेपाललाई 'डेमोग्राफिक डिभिडेन्ड'को ऐतिहासिक अवसर दिएको छ। तर, यो अवसरलाई सदुपयोग नगरे यही जनशक्ति भविष्यमा चुनौती बन्न सक्छ । त्यसैले युवालाई राज्यसँग जोड्ने नीति तथा कार्यक्रमलाई तत्काल प्राथमिकता दिन आवश्यक छ ।

'राष्ट्रिय युवा वर्ष २०२७' : आशाको नयाँ आधार

सरकारले सन् २०२७ लाई 'राष्ट्रिय युवा वर्ष'का रूपमा मनाउन र यसको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आजको आवश्यकता हो । सन् २०२६ लाई तयारी वर्षका रूपमा मनाउँदै संघ, प्रदेश र स्थानीय तहसम्म व्यापक युवा परिचालन गर्न सके २०२७ लाई 'आशा र सम्भावनाको वर्ष' बनाउने आधार तयार हुनेछ ।

७ प्रदेश र ७७ वटै जिल्लामा एकसाथ विभिन्न कार्यक्रम, तालिम र उद्यमशीलताको काम गर्ने गरी मन्त्रिपरिषद्बाट निर्णय गरी नेपाल भ्रमण वर्षजस्तै गरी कार्यान्वयन गर्ने गरी ठोस योजना बनाई अगाडि बढ्नुपर्छ ।

यसले युवामा सकारात्मक सोच, उद्यमशीलता र राष्ट्रप्रति विश्वास पुनःस्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

प्रतिनिधित्वमा युवा सहभागिता

युवाको जनसंख्या ४२ प्रतिशतभन्दा बढी भए पनि राज्यका निर्णय गर्ने तहमा उनीहरूको प्रतिनिधित्व न्यून छ । त्यसैले संघीय संसद, प्रदेशसभा तथा स्थानीय तहमा कम्तीमा ४२ प्रतिशत युवा प्रतिनिधित्व सुनिश्चित गर्ने गरी कानुन संशोधन आवश्यक देखिन्छ । साथै, राजनीतिक दलहरूको संरचनामा पनि युवाको सहभागिता अनिवार्य बनाउनु समयको माग हो ।

२०८२ सालको आमनिर्वाचनबाट प्रतिनिधिसभामा इतिहासकै सबैभन्दा बढी युवाहरूको प्रतिनिधित्व भएको त छ र अब स्पष्ट नीति तथा कार्यक्रम र युवाका क्षेत्रमा स्थापित सरकारी निकायहरूलाई थप सशक्त बनाई अगाडि बढ्न सके मात्र युवाका लागि थप आशा बढ्नेछ ।

'युवा ककस' : नीतिगत आवाजको प्लेटफर्म

महिला सांसदहरूको ककस जस्तै संसदमा 'युवा ककस' गठन गर्न सकिए युवाका मुद्दाहरू नीति निर्माण तहमा प्रभावकारी रूपमा उठाउन सकिन्छ ।

नेपालसँग युवा शक्ति छ, सम्भावना छ, ऊर्जा छ । तर, त्यसलाई सही दिशा दिन सकिएन भने यो अवसर गुम्ने खतरा छ । अब समय आएको छ- नीति बनाउने होइन, कार्यान्वयन गर्ने, परिणाम दिने । यो परिवर्तनको आह्वान पनि हो ।

अहिले संसदमा नेपालको इतिहासै सबैभन्दा धेरै युवाहरू निर्वाचित भएका छन् । यसलाई निकै आशा र सम्भावनाको रूपमा हेर्न सकिन्छ ।

यसले युवाको आवाजलाई संस्थागत रूप दिनेछ र नीति निर्माण प्रक्रियालाई थप समावेशी बनाउनेछ ।

अन्तर्राष्ट्रिय अनुभव र अवसर

युवा एक्सचेन्ज कार्यक्रमलाई सरकारी नीतिमा समावेश गरी युवालाई अन्तर्राष्ट्रिय अनुभव हासिल गर्ने अवसर प्रदान गर्नु आवश्यक छ । यसले युवालाई नयाँ ज्ञान, सीप र दृष्टिकोण दिनेछ, जसले देशभित्र नवप्रवर्तन र विकासमा योगदान पुऱ्याउनेछ । संयुक्त राष्ट्रसंघ तथा अन्य अन्तर राष्ट्रिय फोरम तथा मञ्चहरूमा सहभागिता गराउने खालको ठोस योजना बनाउन आवश्यक छ र यसका लागि नीतिगत रूपमा नै योजना बनाई अगाडि बढ्नुपर्नेछ ।

संस्थागत सुधारको आवश्यकता

राष्ट्रिय युवा परिषद्लाई राजनीतिक प्रभावबाट मुक्त गर्दै समावेशी र प्रभावकारी बनाउनु अपरिहार्य छ । साथै, परिषद्को कार्यसम्पादन मूल्यांकनका लागि उच्चस्तरीय समिति गठन गर्नु र नीतिहरूलाई समयानुकूल संशोधन गर्नु आवश्यक छ ।

शिक्षा, रोजगारी र प्रविधिको विकास

युवासँग सम्बन्धित प्रमुख मुद्दाहरू- शिक्षा सुधार, रोजगारी सिर्जना, उद्यमशीलता विकासलाई प्राथमिकतामा राख्नुपर्छ । नेपाललाई आईटी हब बनाउने लक्ष्यलाई साकार पार्न आवश्यक नीतिगत र कानुनी सुधार तत्काल लागू गर्नुपर्ने देखिन्छ । साथै, 'पढ्दै कमाउने' नीति लागू गरी युवालाई अध्ययनसँगै काम गर्ने अवसर दिनु जरुरी छ ।

निराशा तोड्ने समय

आज युवामा राज्यप्रति निराशा बढ्दो छ । सेवा प्रवाहमा ढिलाइ, अवसरको अभाव र कमजोर प्रशासनिक प्रणालीले युवालाई हतोत्साहित बनाएको छ ।

यसलाई सुधार गर्न प्रविधिमा आधारित सेवा प्रणाली विकास, पारदर्शिता र कार्यकुशलता वृद्धि गर्न तत्काल कदम चाल्नु आवश्यक छ ।

समग्र विकासका लागि साझा पहल

युवा उद्यमशीलता, पर्यटन, नवप्रवर्तन, शिक्षा, स्वास्थ्य, रोजगारी र सुशासनजस्ता क्षेत्रमा एकीकृत रणनीति आवश्यक छ । सरकार, निजीक्षेत्र र दातृ निकायबीच सहकार्य गरी युवामैत्री वातावरण निर्माण गर्न सके मात्र 'समृद्ध नेपाल'को लक्ष्य हासिल गर्न सकिन्छ । यसको लागि युवाहरूको सहभागिता आजको आवश्यकता हो ।

समावेशी प्रतिनिधित्व र अवसर

अन्तर्राष्ट्रिय भ्रमणदेखि राज्यका विभिन्न संरचनासम्म युवा, महिला, दलित र आदिवासी जनजातिको समावेशी सहभागिता सुनिश्चित गर्नु आवश्यक छ । यसले समावेशी विकासलाई सुदृढ बनाउनेछ ।

उद्यमशीलताको लागि वित्तीय पहुँच

शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण दिने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु गम्भीर समस्या हो । यसलाई पारदर्शी र प्रभावकारी बनाउँदै युवा उद्यमीलाई सहज वित्तीय पहुँच सुनिश्चित गर्नु अत्यावश्यक छ । साथै, वित्तीय शिक्षा र उद्यमशीलतासम्बन्धी तालिम र कार्यक्रम यथाशीघ्र कार्यान्वयनमा ल्याउन आवश्यक छ । त्यसका लागि अब बन्ने सरकारले विशेष प्राथमिकता दिनु आजको आवश्यकता हो ।

नेपालसँग युवा शक्ति छ, सम्भावना छ, ऊर्जा छ । तर, त्यसलाई सही दिशा दिन सकिएन भने यो अवसर गुम्ने खतरा छ। अब समय आएको छ- नीति बनाउने होइन, कार्यान्वयन गर्ने, परिणाम दिने । यो परिवर्तनको आह्वान पनि हो । यदि आजै निर्णायक कदम चालिएन भने भोलिको इतिहासले हाम्रो वर्तमानलाई प्रश्न गर्नेछ ।

# पहुँचका आधारमा आउने योजनामा रोक लगाउन आग्रह



**काँक्रेविहार संवाददाता**
हुम्ला, १९ चैत

कर्णाली प्रदेशमा झ्याल, भनसुन र पहुँचका आधारमा योजना छनोट हुने प्रवृत्तिलाई अन्त्य गर्न सरोकारवालाहरूले माग गरेका छन् ।

कर्णाली प्रदेश योजना आयोगद्वारा आयोजित आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रममा बोल्दै जिल्ला समन्वय समितिका प्रमुख शिवराज शर्माले पहुँचका आधारमा आएका योजनाले प्राथमिकता पाउने गुनासो बारम्बार आउने गरेको बताए ।

अब यस्तो अभ्यासलाई निरुत्साहित गर्न आवश्यक रहेको उनको भनाइ छ । उनले आवश्यकतामा आधारित योजनामात्रै दिगो र प्रभावकारी हुने उल्लेख गर्दै बस्तीस्तरबाट आएका योजनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । विगतमा योजना खरिद-बिक्री हुने गुनासासमेत आएको स्मरण गर्दै उनले पारदर्शी प्रणाली मार्फत योजना छनोट गर्नुपर्ने आवश्यकता औंल्याएका हुन् ।

प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले सुशासन र पारदर्शिता कायम गर्न आयोजना बैंक प्रणाली प्रभावकारी माध्यम हुन सक्ने बताए । तर, प्रणाली निर्माण मात्र पर्याप्त नभई यसको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उनले जोड दिए । साथै योजना प्रविष्टि प्रक्रिया सरल र सहज बनाउनुपर्ने आवश्यकता पनि उनले औंल्याए ।

कर्णाली प्रदेश योजना आयोगका सदस्य अशोकनाथ योगीले एकद्वार प्रणालीमार्फत योजना छनोट र कार्यान्वयनलाई व्यवस्थित गर्न आयोजना बैंक अवधारणा ल्याइएको जानकारी दिए । उनका अनुसार आयोजना बैंकमा समावेश भएको योजना पाँच वर्षसम्म कार्यान्वयनमा जाने भएकाले यसको दीर्घकालीन महत्त्व रहेको छ ।

अब बस्तीस्तरबाट आएका योजनालाई जिल्ला स्तरीय समितिबाट छनोट गरी प्रदेश आयोजना बैंकमा सिफारिस गरिने व्यवस्था गरिएको छ । यसबाट योजना छनोटमा देखिएका विकृति र विसंगति न्यूनीकरण हुने विश्वास व्यक्त गरिएको छ । कार्यक्रम मार्फत जिल्ला स्थित प्रदेश मातहतका कार्यालयलाई आयोजना बैंक व्यवस्थापन प्रणाली तथा योजना प्रविष्टि प्रक्रियाबारे जानकारी गराइएको जनाइएको छ ।

# पुल निर्माण अलपत्र, स्थानीय आक्रोशित

**काँक्रेविहार संवाददाता**
कालीकोट, १९ चैत

कालिकोट जिल्लाको पलाँता र पचालझरना गाउँपालिकालाई राष्ट्रिय राजमार्गसँग जोड्ने उद्देश्यले सुरु गरिएको पक्की पुल निर्माण कार्य निर्धारित समय सकिएको एक वर्ष बितिसक्दा पनि पूरा हुन सकेको छैन । दुई गाउँपालिकाको आवागमन सहज बनाउने लक्ष्यसहित सुरु गरिएको उक्त पुल निर्माण कार्यमा अत्यन्तै ढिलाइ भएपछि स्थानीयवासी समस्यामा परेका छन् ।

पलाँता गाउँपालिका पूर्ण रूपमा र पचालझरना गाउँपालिकाका वडा नं. १ देखि ५ सम्मका बासिन्दाले प्रत्यक्ष असर भोगिरहेका छन् । कर्णाली प्रदेश सरकारको बजेटमा भौतिक पूर्वाधार विकास कार्यालय, कालीकोट मार्फत ठेक्का दिइएको भए पनि निर्माण कम्पनीले हालसम्म सामान्य खाल्डो खन्नेबाहेक कुनै उल्लेखनीय प्रगति गर्न सकेको छैन ।

२०७७ असोज १३ गते निर्माण कम्पनीसँग सम्झौता भई २०८१ चैत २५ गतेभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर निर्धारित समय सकिँदा पनि काम पूरा नहुँदा स्थानीयमा असन्तोष बढ्दै गएको छ । स्थानीयवासी प्रकाश कठायतले निर्माण व्यवसायीको लापरबाहीका कारण नागरिकको आवागमन अधिकार प्रभावित भएको भन्दै कानुनी कारबाहीको माग गरेका छन् ।

उनले केही समय अझै प्रतीक्षा गर्ने तर समस्या समाधान नभए कडा कदम चाल्ने चेतावनी समेत दिएका छन् । यसैबीच, पचालझरनाको जारकोटदेखि पडेखासम्मको सडक निर्माण आयोजना पनि अलपत्र परेको छ । २०७७ फागुन ३ गते सम्पन्न गर्ने लक्ष्यसहित ठेक्का भए पनि हालसम्म काम सुरु हुन सकेको छैन ।



**२०७७ असोज १३ गते निर्माण कम्पनीसँग सम्झौता भई २०८१ चैत २५ गतेभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।**

भौतिक पूर्वाधार विकास कार्यालय, कालीकोटका प्रमुख प्रभाकर सिंहका अनुसार निर्माण व्यवसायीको ढिलासुस्तीका कारण काम प्रभावित भएको हो । उनले निर्माण अवधि २०८४ असार मसान्तसम्म थपिएको जानकारी दिएका छन् । स्थानीयले प्रदेश सरकार र सम्बन्धित जनप्रतिनिधिलाई समस्या समाधानमा गम्भीर हुन आग्रह गरेका छन् ।

# खाद्य अधिकारलाई बजेटको प्राथमिकतामा राख्न आग्रह



**काँक्रेविहार संवाददाता**
जाजरकोट, १९ चैत

सरोकारवालाहरूले स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा खाद्य अधिकारलाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन् । बाँच्न पाउने अधिकारको आधार, खाद्य अधिकार भन्ने नारासहित आयोजित कार्यक्रममा बस्तीस्तरबाट आएका योजनालाई प्राथमिकता दिनुपर्ने सुझाव दिइयो । स्थानीय तहले योजना छनोट गर्दा नागरिकको प्रत्यक्ष आवश्यकता समेटिने गरी तल्लो तहबाटै प्रस्ताव संकलन गर्नुपर्नेमा जोड दिइएको छ । शिवालय गाउँपालिकाको समन्वयमा फियान नेपालको आयोजनामा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ कार्यान्वयनमा स्थानीय सरकारको भूमिकाबारे गोष्ठी सम्पन्न भएको थियो । कार्यक्रममा फियान नेपालकी कविता रेग्मीले खाद्य अधिकार सुनिश्चित गर्न स्थानीय सरकारले नीतिगत र कार्यान्वयन तहमा सक्रिय भूमिका खेल्नुपर्ने बताए । उनले खाद्य सम्प्रभुताका लागि पर्यावरणमैत्री कृषि प्रणालीलाई प्राथमिकता दिने योजनाहरू छनोट गर्नुपर्नेमा जोड दिए । जलवायु परिवर्तनका कारण कृषि पेशामा निर्भर नागरिकहरूमा निराशा बढ्दै गएको उल्लेख गर्दै उनले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर योजना तर्जुमा गर्न आवश्यक रहेको बताए ।

शिवालय गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल शाहीले आगामी बजेटका लागि योजना तर्जुमा प्रक्रिया सुरु भइसकेको जानकारी दिए । उनका अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार योजना छनोटका चरणहरू पूरा गर्दै बस्तीस्तरबाट आएका मागलाई प्राथमिकता दिइनेछ ।

उनले भौगोलिक अवस्था, उत्पादन क्षमता र स्थानीय आवश्यकताका आधारमा दीर्घकालीन, मध्यमकालीन तथा अल्पकालीन योजना छनोट गर्नुपर्नेमा जोड दिँदै किसानको अधिकार प्रवर्द्धन गर्ने योजनालाई प्राथमिकता दिनुपर्ने बताए ।

# चिकित्सक अभाव हुँदा सेवाग्राही प्रभावित

**काँक्रेविहार संवाददाता**
सिमकोट, १९ चैत

कर्णाली प्रदेशको दुर्गम जिल्ला हुम्लामा रहेको जिल्ला अस्पताल चिकित्सक अभावका कारण प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा बिरामीहरूले गम्भीर सास्ती भोग्न बाध्य भएका छन् । सदरमुकाम सिमकोटस्थित अस्पतालमा पर्याप्त चिकित्सक नहुँदा सामान्यदेखि जटिल बिरामीसमेत अन्य जिल्लामा रेफर गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

केही दिनअघि चरे ली गाउँपालिका-२ का अक नेपाली भिरबाट लडेर गम्भीर घाइते भएपछि उपचारका लागि जिल्ला अस्पताल ल्याइएका थिए । तर अस्पताललले उपचार सम्भव नभएको भन्दै सुर्खेत रेफर गरेपछि विमानस्थलमै उनको निधन भएको घटनाले अवस्था झन् गम्भीर देखाएको छ ।

यस्तै, चरे ली गाउँपालिका-४ की बासना शाही र सिमकोट गाउँपालिका-४ की अस्मिता बुढा (लामा) लाई सुत्केरीका लागि अस्पताल ल्याइए पनि उपचार नपाएर प्रादेशिक अस्पताल सुर्खेत पठाइएको थियो सिमकोट-५ की बेलु रोकायाले पनि आफ्ना बालकको उपचारका लागि अस्पताल पुगेको बेला चिकित्सक नपाएको गुनासो गरेकी छन् ।

१५ शय्याको यस अस्पतालमा विशेषज्ञ चिकित्सकका दरबन्दी भए पनि पदपूर्ति नहुँदा सेवा प्रवाहमा गम्भीर समस्या देखिएको छ । अस्पताल प्रमुख डा. उमाकान्त तिवारीका अनुसार नवौं तहका तीन विशेषज्ञ चिकित्सक–स्त्री तथा प्रसूति रोग, जनरल सर्जरी तथा हाडजोर्नी/नसा सम्बन्धी–का सबै पद हाल रिक्त छन् ।



त्यस्तै चार जना मेडिकल अधिकृतमध्ये पनि सबै जना कार्यरत छैनन् । केही बिदामा र केही अनुपस्थित हुँदा अस्पतालमा चिकित्सकको अभाव झन् चर्किएको छ । हाल एक जना स्वयंसेवी र दुई जना करारका चिकित्सकको भरमा सेवा सञ्चालन भइरहेको छ । डा. तिवारीले विशेषज्ञ चिकित्सक दुर्गम क्षेत्रमा आउन नमान्दा समस्या जटिल बन्दै गएको बताउँदै सीमित जनशक्तिबाट आपतकालीन, प्रयोगशाला, एक्स-रे तथा सुत्केरी सेवा जोगाउँदै आएको जानकारी दिए ।

# सयौंले लिए स्वास्थ्य लाभ

**काँक्रेविहार संवाददाता**
नेपालगञ्ज, १९ चैत

बाँकेको कोहलपुर नगरपालिकामा सञ्चालन गरिएको विशेष आँखा शिविरबाट २६ सयभन्दा बढी नागरिकले निःशुल्क आँखा परीक्षण सेवा लिएका छन् । कोहलपुर नगरपालिका र तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौंको संयुक्त आयोजनामा चैत ९ देखि १५ गतेसम्म सञ्चालित आँखा जाँच स्क्रिनिङ शिविरमा दुई हजार ६ सय ८७ जना स्थानीय नागरिक लाभान्वित भएका हुन् ।

नगर स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक अमृतकुमार रानाका अनुसार, सेवा लिनेहरूमा एक हजार ५ सय ९६ महिला र एक हजार ९१ पुरुष रहेका छन् । आँखा परीक्षणका क्रममा ३ सय ७३ जनामा मोतिबिन्दु समस्या पहिचान भएपछि उनीहरूको निःशुल्क शल्यक्रिया गरिएको छ । चैत १६ देखि १८ गतेसम्म कोहलपुर नगर अस्पतालमा सम्पन्न शल्यक्रियामा २ सय १ महिला र १ सय ७२ पुरुष सहभागी भएका थिए । शिविरमा सहभागी सबै नागरिकलाई आवश्यक औषधि निःशुल्क उपलब्ध गराइएको थियो । साथै, शल्यक्रिया गरिएका बिरामीलाई औषधिसँगै फलफूलसमेत वितरण गरिएको जनाइएको छ ।

कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्णप्रसाद आचार्य ले नगरवासीको स्वास्थ्यप्रति नगरपालिका सधैं सचेत रहेको बताउँदै यस्ता निःशुल्क स्वास्थ्य सेवा निरन्तर सञ्चालन गरिँदै आएको जानकारी दिए । उनका अनुसार, तिलगङ्गा आँखा प्रतिष्ठानसँगको सहकार्यमा गत वर्षदेखि निःशुल्क आँखा परीक्षण तथा मोतिबिन्दु शल्यक्रिया अभियान सञ्चालन भइरहेको छ । नगरपालिकाले सम्भव भएसम्म प्रत्येक ६ महिनामा यस्ता शिविर आयोजना गर्ने र अन्यथा वर्षमा कम्तीमा एकपटक सञ्चालन गर्ने योजना रहेको जनाएको छ । नगर स्वास्थ्य शाखाका अनुसार, गत वर्ष दुई हजार ५ सय ३ जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो । तीमध्ये ४ सय ४२ जनाको मोतिबिन्दु शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको थियो । यस वर्षको शिविरमा तिलगङ्गा आँखा प्रतिष्ठानकी वरिष्ठ आँखा रोग विशेषज्ञ डा. रिता गुरुङ र डा. सुरेन्द्र यादव सहितको चिकित्सक टोलीले परीक्षण तथा शल्यक्रिया सेवा प्रदान गरेको कोहलपुर नगरपालिकाले जनाएको छ ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
लकान्द्र, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

*सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !*

महाबै गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालीकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

*सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !*

# कर्णालीमा खेलकुद ऐन संशोधनमा छलफल सुरू

**काँक्रेविहार संवाददाता**
सुर्खेत, १९ चैत

कर्णाली प्रदेशसभाको सामाजिक विकास समिति हिउँदे अधिवेशन सम्पन्न भएको छोटो समयमै फेरी सक्रिय बन्न थालेको छ । समितिले विभिन्न विधेयक र समसामयिक विषयमा छलफल अघि बढाएको हो । बुधबार समितिले 'कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक'माथि प्रारम्भिक छलफल सुरु गरेको छ ।

उक्त विधेयक चैत १५ गते बसेको प्रदेशसभाको बैठकले थप अध्ययनका लागि समितिमा



पठाएको थियो । सामाजिक विकास समितिका सदस्य सचिव तथा प्रदेशसभा सूचना अधिकारी राजेन्द्र पौडेलका अनुसार विधेयकमाथि ११ जना प्रदेशसभा सदस्यहरूले संशोधन प्रस्ताव दर्ता गरेका छन् । संशोधन प्रस्तावकर्ताहरू अधिकांश गृह जिल्ला गएकाले विस्तृत छलफल बैशाखको दोस्रो साताबाट सुरु गर्ने कार्यतालिका तय गरिएको छ । उनले संशोधनकर्ताहरू समयअघि नै प्रदेश राजधानी फर्किएमा जुनसुकै समयमा पनि छलफल अगाडि बढाउन सकिने जानकारी दिए ।

यसैबीच, समितिले प्रदेश अस्पतालको प्रयोगशाला सम्बन्धी विषयमा पनि छलफल गरेको छ । प्रदेशसभा सदस्यहरूले अघिल्लो अधिवेशनमा प्रदेश अस्पतालका कर्मचारीको मिलेमतोमा निजी क्लिनिकका ल्याब परीक्षण निःशुल्क रूपमा गरिएको आरोप उठाएका थिए । उक्त विषयमा सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले यस्तो आरोप सत्य नभएको स्पष्ट पार्दै प्रदेश अस्पतालमा निजी अस्पतालका परीक्षण नगरिएको जानकारी दिए ।

# बिचौलियाको आरोपमा १६ जना पक्राउ

**काँक्रेविहार संवाददाता**
सुर्खेत, १९ चैत

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकास्थित यातायात व्यवस्था कार्यालय र मालपोत कार्यालय आसपासबाट बिचौलियाको आरोपमा १६ जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार यातायात व्यवस्था कार्यालयबाट १० जना महिला र मालपोत कार्यालयबाट ६ जना पुरुषलाई बिहीबार



नियन्त्रणमा लिइएको हो ।

प्रहरीका अनुसार उनीहरूले सेवाग्राहीसँग सवारी दर्ता किताब (बिलबुक) नवीकरण, जग्गा नामसारी तथा भु-सेवा सम्बन्धी काम गरिदिने भन्दै रकम असुल्ने गरेको सूचना प्राप्त भएपछि कारबाही गरिएको हो । जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी मोहनजंग बुढथापाले सार्वजनिक सेवा प्रवाहमा अवरोध गरेको आधारमा उनीहरूलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जानकारी दिए ।

# प्रदेश सरकार बजेट निर्माणमा जुट्दै

**काँक्रेविहार संवाददाता**
धनगढी, १९ चैत

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेट निर्माणको तयारी सुरु गरेको छ । प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्याङ्कनमा मुलुकमै पहिलो स्थान हासिल गरेपछि प्रदेशले आर्थिक वर्ष २०८३-८४ को बजेट तयार गर्न थालेको हो ।

आर्थिक मामिला मन्त्रालयका सूचना अधिकारी अर्जुन खड्काका अनुसार, सङ्घीय सरकारबाट प्रदेशको लागि प्राप्त हुने नौ अर्ब रुपियाँ समानीकरण अनुदान सुनिश्चित भइसकेको छ । स्रोत अनुमान समितिले आगामी बजेट तयारीका लागि काम गरिरहेको छ । प्रदेशले कुल ४५.७० अंकसहित कार्यसम्पादन मूल्याङ्कनमा पहिलो स्थान हासिल गरेको कारण चालु वर्षभन्दा थप १३ करोड ७० लाख रुपियाँ समानीकरण अनुदान
पाउनेछ । चालु आर्थिक वर्षमा प्रदेशले आठ अर्ब ९२ करोड ५६ लाख रुपियाँ समानीकरण अनुदान पाएको थियो । तर चालु वर्षको बजेट खर्च प्रगति अपेक्षाभन्दा कम छ । जेनजी आन्दोलन र फागुनमा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनको कारण प्रदेश सरकारले पुँजीगत बजेटको केवल ९.९९ प्रतिशत (एक अर्ब ९७ करोड ९७ लाख रुपियाँ) मात्र खर्च गरेको छ ।

कुल पुँजीगत बजेट १३ अर्ब ६० करोड दुई लाख रुपियाँ छुट्टाइएको थियो । आर्थिक मामिला राज्यमन्त्री प्रकाशबहादुर बमले जेनजी आन्दोलन र चुनावी आचारसंहिताका कारण बजेट कार्यान्वयनमा ढिलाइ भएको जानकारी दिए । उनका अनुसार अब टेन्डर मार्फत हुने काम सुरु भइसकेको र उपभोक्ता समितिको कामका लागि निर्देशन पनि दिई सकिएकोले बजेट खर्चमा गति आउने अपेक्षा छ । गत आर्थिक वर्षमा प्रदेशले ७४ प्रतिशत बजेट खर्च गरेको थियो यस वर्ष भने ६० प्रतिशतभन्दा बढी खर्च हुने अपेक्षा गरिएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्री हीरासिंह सार्कीले बाँकी बजेटको सदुपयोगका लागि मन्त्रीपरिषद् नियमित छलफलमा रहेको जानकारी दिए उनले भने चुनावमा कर्मचारी खटिएपछि काम हुन सकेन, तर अब बाँकी बजेटलाई बढीभन्दा बढी सदुपयोग गर्नेमा हाम्रो ध्यान केन्द्रित छ ।

## साधारणसभा हुने बारे सूचना !

जनउत्थान बहुउद्देश्यीय सहकारी संस्था लि., वीरेन्द्रनगर-३ सुर्खेतको साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले संस्थाका शेयर सदस्यज्यूहरूलाई पत्र पठाइसकिएको छ । यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि उपस्थित हुन अनुरोध छ ।

**तपशिल**

मिति : २०८२/१२/२६ गते
स्थान : संस्थाको कार्यालय
समय : बिहान ११:११
सम्पर्क : सुशीलराज शर्मा

**जनउत्थान बहुउदेश्यीय सहकारी संस्था लि.**
वीरेन्द्रनगर-३, सुर्खेत

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी श्री देवेन्द्र शर्मा धनी रहेको, दर्ता नम्बर १५६९/०६९/०७० बाट जर्बुटा-१ सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री सामाजिक विकास तथा जनचेतना प्रशिक्षण केन्द्र नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

**वनगाड कुपिण्डे नगरपालिका**
## नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

### जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

***सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !***

**वीरेन्द्रनगर नगरपालिका**
## नगर कार्यपालिकाको कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश नेपाल

### जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

***सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !***




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)